# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, चैत ७ गते २०६२ साल (संख्या ४८

## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले घरेलु तथा साना उद्योग विकास समिति (गठन) आदेश, २०५० को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी घरेलु तथा साना उद्योग विकास समितिका सदस्यहरूमा देहायबमोजिम थपघट तथा हेरफेर गरेको छः–

| | |
|---|---|
| क) श्री ५ को सरकारले तोकेको व्यक्ति | – अध्यक्ष |
| ख) प्रतिनिधि, घरेलु तथा साना उद्योग विभाग | – सदस्य |
| ग) प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| घ) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ | – सदस्य |
| ङ) कार्यकारी निर्देशक | – सदस्य-सचिव |

आज्ञाले,
भरतबहादुर थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी विश्व हिन्दू महासंघको रजत जयन्तीको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका क्यूप्रोनिकेलको स्मारिका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकाले यो सूचना प्रकाशन गरिएको छः–

अग्रभागः वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०६२ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभागः वरिपरि ६४ थोप्लाभित्र सबैभन्दा माथि अर्ध गोलाकार रुपमा विश्व हिन्दू महासंघ, त्यसको तल रजत जयन्ती, बीच भागमा गोलाकारभित्र माथि पट्टी ॐ, त्यसको मुनी विश्व हिन्दू महासंघ-को लोगो, सिक्काको मध्य भागमा बायाँतर्फ नेपालीमा रु. २५ दायाँतर्फ अंग्रेजीमा Rs. 25 तल्लो भागमा अर्ध गोलाकार रुपमा WORLD HINDU FEDERATION सबैभन्दा तल SILVER JUBILEE 2006-NEPAL उल्लेख रहनेछ।

स्पेसिफिकेशन

| | |
|---|---|
| दर | रु. २५।– |
| तौल | ८.५ ग्राम |
| धातु | क्यूप्रोनिकेल |
| व्यास | २९ मि.मि. |
| सिरेशन (डिल) | धर्सा नभएको |
| रङ्ग | सेतो |
| अधिकतम निष्काशन | १०,००० थान |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर, नेपालले MBBS कार्यक्रमको लागि भारतको Instruments and Chemicals Pvt. Ltd. बाट भा.रु. ८७,६६,८६५।७० मूल्य बराबरको Lab Equipment तथा Lab Furniture आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरो बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी स्याङ्दी जिल्लाभित्र सञ्चालित आयोजनाहरूको अनुगमन र बाह्य आवागमन समेतको लागि जिल्ला विकास समितिको कार्यालय, स्याङ्दीले भा.रु. ६,२०,०००।- मूल्य बराबरको टाटा सुमो गाडी आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छुट दिने निर्णय गदेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध मस्तिष्क पक्षघात स्वावलम्बन समूहलाई स्विस सरकार विकास सहयोग (SDC) बाट सहयोग स्वरुप प्रदान गरिने सवारी साधनलाई एम्बुलेन्समा परिणत गरी नामसारी गर्दा लाग्ने अन्तःशुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालको लागि दातृसंस्था Nepali Med Luxembourg बाट उपहार स्वरुप प्रदान गरिने युरो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५,१००।- मूल्य बराबरको मेडिकल उपकरण तथा Nepali Med Austria को अनुदान सहयोगमा प्रदान गरिने भा रु. १२,४२,६४०।- मूल्य बराबरको अक्सिजन ग्यास प्लाण्ट सम्बन्धी सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा ले २० दिएको अधिकार प्रयोग गरी दक्षिण कोरियाली संस्था Korea Association for Digital Opportunity (KADO) तथा Nurigeul Mission Center को कोरियन नागरिक Kim Kye Young ले चितवन जिल्लास्थित KOREA-NEPAL WISDOM SCHOOL piple-7 Chitwan Nepal का लागि सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,१४४।- मूल्य बराबरको ८ थान Pentium I कम्प्युटरहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी मूल्य अभिवृद्धि कर र अन्य महसुल पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी फुटबल खेलको विकास गर्ने शहिद स्मारक "ए" डिभिजन लिग फुटबल प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने एकजना नेपाली खेलाडीलाई पुरस्कार स्वरुप प्रदान गर्नका लागि युनाइटेड ट्रेडर्स सिण्डिकेट प्रा.लि. सिनामंगल काठमाडौंले जापानबाट आयात गर्ने जापानी येन ११,२४,२८८।- मूल्य बराबरको टोयोटा विमार्क कार तथा सो सवारी साधनको हल्दियादेखि काठमाडौंसम्मको ढुवानी क्लीयरिङ्ग चार्ज वापतको ने.रु ४६,५५०।- मा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर अन्तःशुल्क, विशेष शुल्क र स्थानीय विकास शुल्क पुरै छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मणिराम ओझा
कानून अधिकृत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९८

मुद्रण विभाग

## श्री ५ को सरकार
## भौतिक योजना तथा निर्माण मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२ को उपदफा १२.१.२ बमोजिम साविक भक्तपुर नगरपालिका वडा नं. १ क, ख, ग, घ, ङ र च हाल भक्तपुर नगरपालिका वडा नं. १ र ३ को तपसिलको चार किल्लाभित्रको तुमचो-दुगुरे-चोखा क्षेत्रमा रहेको जग्गाको विभिन्न कित्ता-हरूलाई एकीकरण (Land Pooling) गरी नगर योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधा व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सोको योजना मिति २०६२।१०।११ मा स्वीकृत गरेकोले सम्बन्धित सर्वको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः-

<u>तपसिल</u>

पूर्वः- गोंसपुल सुडाल जाने बाटो,

पश्चिमः- च्याम्हसिंहबाट कमलविनायक जाने पसिखेल सडक,

उत्तरः- कमलविनायक जग्गा एकीकरण आयोजनाको बाटो,

दक्षिणः- च्याम्हसिंह ब्रम्हायणी हुँदै गोंसपुल जाने बाटो र पर्ती जग्गा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२१८

## सूचना २

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनार्थ सोही ऐनको सोही दफाको उपदफा ३.२ बमोजिम तपसिलका चारकिल्लाभित्र दिपायल-सिलगढो नगर विकास समिति, राजपुर क्षेत्रको भौतिक विकास सम्बन्धी भू-उपयोग योजना स्वीकृत गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

पूर्व :– राजमाना जङ्गल थला,
पश्चिम :– कुलपाते/सुदुर पश्चिमाञ्चल पृतना हेडक्वाटर, दिपायल,
उत्तर :– राजपुर ढुङ्गेधारा सिमार,
दक्षिण :– गडपानी खोला।

आज्ञाले,
जनकराज जोशी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# भाग ४

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०६२।११।११ को निर्णयानुसार यस मन्त्रालयका नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका उप-सचिव श्री शिवकुमार गिरीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) तथा दफा ६१ को उपदफा (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको छ ।

आज्ञाले,
ध्रुवप्रसाद सापकोटा
उप-सचिव

---

## भूल सुधार

खण्ड ५५, अतिरिक्तांक ५१(ख), मिति २०६२।८।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको पृष्ठ भागमा "NEPAL-UNITED NATIONS GOLDEN JUBILEE, 1955-2005" हुनु पर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

अर्थ मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गा.हु.द.नं.१६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।